# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका | First Nepalese Newspaper in Japan | 日本初ネパール語の新聞

वर्ष ८, अंक १२, २०७२ चैत १९-२०७३ वैशाख ३, मूल्य : १०० येन

Vol. 8, No. 12, April 1-15, 2016, Price : ¥ 100



Across · No.1 TRAVEL BY H.I.S.

WORLDWIDE DISCOUNTED AIR TICKET BOOKING

KATHMANDU

CATHAY PACIFIC (NARITA)
¥40,000~ (ONE WAY)
¥62,000~ (2 MONTH FIX)
¥77,500~ (2 MONTH FIX OPEN)

MALAYSIAN AIRLINES (NARITA)
¥1,00,000~ (2 MONTH FIX OPEN)
¥85,000~ (1 MONTH FIX OPEN)
¥64,000~ (ONE WAY)
(FUEL SURCHARGE INCLUDED)

CATHAY PACIFIC (HANEDA)
¥44,000~ (ONE WAY)
¥67,000~ (2 MONTH FIX)
¥88,000~ (2 MONTH FIX OPEN)

ETIHAD AIRWAYS
¥55,000~ (35 DAYS FIX)

QATAR AIRWAYS (HANEDA)
¥47,200~ (35 DAYS FIX OPEN)

CHINA EASTERN AIRLINES
¥22,500~ (6 MONTH FIX OPEN)
¥20,300~ (ONE WAY)

AIR INDIA
¥61,000~ (1 MONTH FIX OPEN)
¥66,000~ (3 MONTH FIX OPEN)
¥42,000~ (ONE WAY)

CHINA SOUTHERN AIRLINES
¥68,300~ (3 MONTH FIX OPEN)
¥46,000~ (ONE WAY)

KOREAN AIRLINES
¥46,000~ (3 MONTH FIX OPEN)

THAI AIRWAYS
¥80,000~ (2 MONTH FIX)

SINGAPORE AIRLINES
¥80,000~ (1 MONTH FIX OPEN)

विस्तृत जानकारीको लागि
- Rikesh Maharjan -Juma Maharjan
080-4794-4065 (SoftBank) 03-6871-9261
Business Hour [Mon.-Fri.] 10:00-19:00 [Sat./Sun. national holiday] 11:00-18:00
"माथि उल्लेखित मूल्यमा इन्धन शुल्क र एयरपोर्ट कर समावेश गरिएको छैन"
his552d@his-world.com http://www.no1-travel.com



७ | हार्दिक बधाई

अन्तर्राष्ट्रिय बाल फुटवल प्रतियोगितामा नेपाल तेस्रो

४ | बूढीगण्डकी आयोजना:

प्रभावित क्षेत्रको जग्गा बिक्रीवितरण बन्द

८ | बिदेशमा लोकसुसेली

लोकप्रियता र महत्व, दुबै बढ्दो

# माईनम्बर कार्डमा एकपछि अर्को समस्या

❑ नेस संवाददाता

टोकियो - जापान सरकारले कर प्रणाली तथा सामाजिक सुरक्षाको ब्यवस्थालाई थप सुदृढ बनाउने उद्देश्यले यहि जनवरीदेखि लागू गरेको माईनम्बर कार्डमा एक पछि अर्को समस्या देखिएको सञ्चारमाध्यमहरुले जनाएका छन ।

यसभन्दा अघि पनि माईनम्बरको जानकारी पत्रहरु फरक ठेगानामा पठाईएको तथा हराउने गरेका जस्ता समस्याहरु देखिदै आएका थिए ।

यस पटक भने माईनम्बर कार्डमा



राखिने आईसी चिप्स सम्बन्धी समस्या आएको सान्केइ सिन्बुनले प्रकाशन गरेको छ ।

>>> बाँकी पृष्ठ ६ मा

# 'असार २४ कटे ओली सरकार यो वर्ष ढल्दैन'

❑ नेस डेस्क

काठमाडौं - नयाँ वर्ष सबैको मनोकांक्षा पूरा गराउने वर्षका रूपमा आओस् भन्ने चाहना हुन्छ । नयाँ वर्षमा एक आपसमा शुभकामना आदनप्रदान गरेर सुख, शान्ति, समृद्धिको कामना गरिन्छ । तर सँधै नयाँ वर्षमा कामना गरिएजस्तै हुँदैन । ७२ सालको शुभकामना साटासाट भइरहेकै बेला वैशाख १२ मा गएको भूकम्पले हामी नेपालीहरुको खुशी छिन्यो । हामीले धेरै नेपाली दाजुभाइ दिदीबहिनी त्यो भूकम्पमा गुमायौं । त्यसपछि छिमेकी मुलुकले नाकाबन्दी गरेर नेपाली जनताको जीवन कष्टप्रद पारिदियो । नाकाबन्दीकै कारण धेरै नेपालीहरुले ज्यान गुमाए । यो वर्ष जे जस्तो भए पनि दुःख भुलेर नयाँ वर्षलाई स्वागत त गर्नैपर्छ । नयाँ वर्ष २०७३ कस्तो होला त ? ज्योतिषाचार्य शालीग्राम ढकालसँग नेपाली समाचारका लागि नेपाल ब्यूरोबाट सहकर्मी ध्रुव रिजालले गर्नुभएको भविष्यवार्ताको सम्पादित अंशः

>>> बाँकी पृष्ठ ६ मा

ज्योतिषाचार्य शालीग्राम ढकाल


"नेपालीका लागि नेपालीबाटै"
फुदोसान, हाकेन र इन्टरनेट लगायतका सेवाहरु
कोठा तथा रेष्टुरेन्ट चाहिएमा
जापानका विभिन्न ठाउँमा काम चाहिएमा
(पार्ट टाइम तथा फुल टाइम, स्युस्योकुको लागि)
इन्टरनेट जडान गर्नु परेमा
(विभिन्न उपहारका साथमा)
SoftBank
कम्प्यूटर चाहिएमा
(नयाँ तथा पुराना विभिन्न मोडलहरुमा)
सित्तैमा सफ्टबैंकको मोबाईल चाहिएमा
(नयाँ सिम सहितको सफ्टबैंकको मोबाईल सेटहरु सित्तैमा उपलब्ध गराईन्छ)
सिन्जुकु, इकेबुकुरो, सिनओकुबो, ताकादानोबावा, नाकानो, कोयञ्जी, कामाता, कोइवा, ग्योतोकु, गोतान्दा, आसागाया, साइतामा, चिवा, खानागावा, लगायत अन्य ठाउँहरु
GLOBAL HOME NETWORK
Global Home Network Co., Ltd.
Tokyo-To, Shinjuku-Ku, Hyakunin-Cho 1-17-5, Mezon Ogura 305
*1 minute walk from Okubo Station (Between Shinokubo & Okubo Station)
Phone: 03-5937-6958 Fax: 03-5937-6959
Mobile: 080-6527-7479 (Paudel)
080-3158-5833 (Yoshida)
URL: globalhomejapan.com
E-mail: shiva_pkr@globalhomejapan.com
विशेषताहरु:
- अति नै सस्तो किमनी भएको कोठा तथा इनुकी रेष्टुरेन्टहरु
- पायक पर्ने उपयुक्त ठाउँहरु
- ग्यारेन्टरको झन्झट नहुने
- छिटो र छरितो



Time to make you different.....
SPECIAL GIFT CAMPAIGN
PREMIUM INDIAN LIQUOR
♥Buy 5 cs any godfather beer 1 cs Beer FREE!
♥Buy 1 cs Whisky/RUM 1 bottle Whisky/RUM FREE!!

BLACK FORT XXX RUM
STRONG LAGER GODFATHER BEER
21st CENTURY WHISKY
Marketed by: Mayur Corporation Ltd. Japan
有限会社マユール
Helpline: 042-470-2404, 090-9855-5111, 080-3578-5999
Email:info@mayur.co.jp Website:www.mayur.co.jp
Imported by UNITHINX Co. LTD.


# संसदीय दलको नेतामा देउवा निर्वाचित

## शक्ति देउवामा केन्द्रित

❑ नेस संवाददाता



काठमाडौं - संसद्को सबैभन्दा ठूलो दल नेपाली काँग्रेस संसदीय दलको नेतामा पार्टी सभापति शेरबहादुर देउवा निर्वाचित हुनुभएको छ । बुधबार भएको निर्वाचनमा देउवाले १३९ मत प्राप्त गर्नुभएको थियो भने उहाँका प्रतिस्पर्धी वरिष्ठ नेता रामचन्द्र पौडेलले ६७ मत मात्र प्राप्त गर्नुभएको थियो । काँग्रेसका २०७ सांसद् मध्ये २०६ जनाले मतदान गर्नुभएको थियो ।

>>> बाँकी पृष्ठ ५ मा


विशेष छुटको ब्यवस्था
उच्च गुणस्तरको, तन्दुर तथा विभिन्न मसलाहरु चाहिएमा अथवा रेष्टुरेन्टलाई आवश्यक पर्ने विभिन्न सामग्रीहरुका लागी हामीलाई सम्झनुहोस् ।

भारी छुटमा गुणस्तरीय काजु उपलब्ध छ ।
जापानमा तन्दुर तथा मसलाहरुको पहिलो थोक विक्रेता
सम्पर्क:
NAMASTE BOUEKI
Namaste Boueki Building, 3375 Nakashima, Shikamaku, Himeji-Shi, Hyogo, 672-8035
TEL: 079-231-4343 / MOB: 080-5343-6366 FAX: 079-231-4344



No.1 TRAVEL We go the extra mile for you SHIBUYA BRANCH
Discount Air Ticket Worldwide Shibuya Branch
हवाई-टिकटका लागि स्वर्णिम अवसर
"नम्बर वन ट्राभल"
विगत २८ वर्षदेखि यहाँहरुको सेवामा समर्पित "नम्बर वन ट्राभल" मा विशेष छुट सहित सस्तो र भरपर्दो हवाइ टिकट बिक्री भइरहेको छ।
Kathmandu *Round Trip*
JPY 77,000 3 Month fix open KOREAN AIRLINES
JPY 47,000 One Way KOREAN AIRLINES
JPY 68,000 2 Month fix CATHAY PACIFIC AIR
JPY 38,000 1 Month fix open CHINA SOUTHERN AIR
JPY 60,400 1 Month fix THAI AIR
JPY 45,400 1 Month fix MALAYSIAN AIR
JPY 103,000 1 Month fix open SINGAPORE AIR
Kathmandu One Way
JPY 41,000+TAX One Way CHINA SOUTHERN AIR
JPY 35,200 One Way ETIHAD AIR
३ महिना, ६ महिना र १ वर्षको पनि सस्तोमा छ। नेपालबाट जापान आउने टिकट पनि यहीबाट उपलब्ध छ।
KOREAN AIR 50,000円 1 Month Fixed
Delhi/Bombay
JPY 67,000 3 Month fix open AIR INDIA
〒150-0043 Shibuya Ku, Dougenzaka 1-20-1 Osawa Bld. 6F, Tokyo, Japan
Shibuya Contact: Raju: 070-1202-7068 (SB), Sujan: 080-4142-4740 (SB),
Sagar: 080-4865-6777 (SB), Bimala 080-4142-4741 (YOKOHAMA), Office: 03-3770-1381
Email: no1shb@alles.or.jp
"The Fare are excluding Airport Taxes and Fuel Surcharge"
"माथि उल्लेख गरिएका भाडामा एयरपोर्ट दस्तुर र इन्धन मूल्य समावेश गरिएको छैन"



कोठा तथा इन्टरनेटका लागि
जापानभरी नै सेवा उपलब्ध छ
१२ महिनाबाट नयाँ ठेगानामा सर्यौं
169-0075, Tokyo, Shinjuku-Ku, Takadanobaba 2-19-7,
Tak Eleven Takadanobaba Room No. 1001
TEL: 03-6380-3175 FAX: 03-6380-3176

तपाईलाई आवश्यक परेको ठाउँमा आकर्षक र सस्तो कोठाहरु उपलब्ध गराईन्छ ।
अन्य जुनसुकै परामर्शका लागि पनि सँधै सेवामा हाजिर छौं ।
ADVANCE LIFE CO., LTD.
169-0075, Tokyo, Shinjuku-Ku, Takadanobaba 2-19-7, Tak Eleven Takadanobaba Room No. 1001
TEL: 03-6380-3175 FAX: 03-6380-3176, Fukuda: 080-3159-3298 (SB), 090-4097-8715 (Docomo)
Mobile: Shrestha 080-4166-9841, Sapkota: 090-2979-2787



समुद्रपारि.com क्षणभरमै संसारभरि सूचना र सञ्चारका लागि समुद्रपारि डट कम
www.samudrapari.com Log on Now

Published By:
GMT International Co., Ltd.

Tilak Malla
Chairman

Bhushan Ghimire
Editor

Dr. Bhupal Man Shrestha
Managing Director

2-14-4 (1F) Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel & Fax: 03-5937-5314
Email: nepalisamchar@gmail.com, samudraparinews@gmail.com
http://www.samudrapari.com, http://www.gmt-intl.com

## सम्पादकीय

# नेपाली नयाँ वर्ष शुभ रहोस्

नेपालीहरूको नयाँ वर्ष नजिकिएको छ । विक्रम संवत २०७२ सकिएर २०७३ को शुरू आगामी बुधवारबाट हुँदैछ । नयाँ भन्ने कुरा सामान्यतया सबैका निम्ति प्रिय हुने गर्छ । नयाँ वर्ष पनि अपवाद हुन सक्ने कुरै भएन । नयाँ वर्षको उमंगका साथ एक वर्षभरिका नयाँ योजना र लक्ष्य तय गर्दै अघि बढ्न सक्ने हो भने हरेक नेपालीको र समग्रमा राष्ट्रको उन्नति र प्रगति हुनसक्ने थियो । हामी स्वदेश वा विदेश जहाँ बसे पनि यो अवसरमा आ-आफ्नो क्षमता र जिम्मेवारी अनुसार व्यक्तिगत पारिवारिक समग्रमा राष्ट्रको समृद्धिको पक्षमा ध्यान दिन सके नयाँ वर्षारम्भको महत्व बढ्न सक्छ । नयाँ वर्षका नाममा एक दुई दिन रमाइलो गर्ने र बाँकी सिंगो वर्षलाई विगतकै निरन्तरताको अभिन्न अंग बनाउँदै जाने हो भने तात्विक परिवर्तनको अपेक्षा गर्न सकिदैन ।

नयाँ वर्षको स्वागत गर्ने तयारी गर्दा स्वभाविक रूपमा वितेको वर्षको याद हुने गर्छ । २०७२ को शुरूवात नै नेपालीहरूका निम्ति पीडादायक बन्यो । बैशाखको शुरूमै गोर्खाको बारपाक केन्द्रविन्दु भएर गएको प्रलयकारी भूकम्पले जनधनको ठूलो क्षति भयो । भूकम्प प्रभावित क्षेत्रमा धेरैको बस्ने वासको क्षति भएको छ । घरवार विहीनहरूले वर्षा र हिउँद लगायत एक वर्षको सिंगो ऋतु चक्र कष्टकर रूपमा विताएका छन् । सरकार र राजनीतिक दलहरूको लाचारी र असक्षमताको सिकार पीडित जनता कहिलेसम्म हुने हुन् अझै टुंगो छैन । भूकम्प पछि दक्षिणी छिमेकीको अघोषित नाकाबन्दीले २०७२ झनै कष्टकर बन्न पुग्यो । त्यसको असर अझै सकिएको छैन । सिंगो वर्ष विकास निर्माण ठप्प भएको छ । त्यति हुँदा हुँदै पनि लामो राजनीति द्वन्द्व पछि संक्रमणकालको अन्त्यको आशा जगाउँदै नयाँ संविधान जारी भएको छ । संविधान कार्यान्वयनको जटिलता बाँकी नै छ । तराई केन्द्रित मधेशी दलहरूद्धारा उठाईंदै आएका समस्याहरु समाधान भैसकेका छैनन् । देशको प्रमुख राजनीतिक दल नेपाली काँग्रेसले पार्टीमा र संसदीय दलमा नयाँ नेतृत्व पाएसँगै अब फेरि सत्ताको खेल शुरू हुने अडकलबाजी शुरू भएको छ । संविधान कार्यान्वयन लगायतका तमाम समस्या समाधानका निम्ति वि सं २०७३ सार्थक वर्ष बन्न सकोस भन्ने कामना गर्दै हामी सबैले आ-आफ्नो ठाउँबाट सक्दो भूमिका निर्वाह गर्नु जरूरी छ ।

पूर्वीय दर्शन संस्कार र परम्पराका अनुयायी हामी नेपालीहरु ग्रहगोचर र त्यसबाट मिल्ने शुभ अशुभ फलका हिसाब किताबका बारेमा पनि चासो राख्छौं । यस अर्थमा २०७३ शुभ हुने जानकारी पञ्चाङ्ग निर्णायक समितिले दिएको छ । २०७२ को अन्तिम शुक्रबारबाट सौम्य नामको नयाँ संवत्सरको शुरू हुने र यसको शुरूवातसँगै नेपालीलाई मात्रै नभएर पृथ्वीवासीलाई राम्रो फल मिल्ने आशा गरिएको छ । शास्त्र अनुसार नववर्ष विसं २०७३ को राजा शुक्र हो । वैशाख १ गते जे बार पर्छ वर्षभर त्यही मन्त्री हुने शास्त्रीय विधानअनुसार २०७३ सालमा बुध मन्त्री हुने छ । यसलाई पात्रोमा राजा शुक्र र मन्त्री बुध भनी लेखिन्छ । नववर्ष विसं २०७३ मा आपसमा मित्र ग्रह शुक्र र बुधको संयोग परेकाले पनि राम्रो फल मिल्ने विश्वास गरिएको छ । हामी सबैले राम्रो कर्म गर्दै आशा गरौं विसं २०७३ हामी सबैका निम्ति फलिफाल हुनेछ । नयाँ वर्षको स्वातगसँगै नेपाल र नेपालीको जय होस् । वि सं २०७३ को हार्दिक मंगलमय शुभकामना ।

# सामाजिक सञ्जालको जालो

## विचार

✍ ब्रबिम कार्की

आजभोलि हामी सामाजिक सञ्जालबाट धेरै अपेक्षा राख्छौं, विडम्बना एक अर्काबाट निकै कम । सामाजिक सञ्जालको नसा हामीमा कति चढेको छ भने एकअर्काको लागि समय निकाल्न पनि हामीसँग फुर्सद छैन । यसले हामीलाई फैलाइदिएको छ तर एकअर्काबीच नै एक्लो पारिदिने खतरा पनि बढेको छ । हामी प्रविधिको यति धेरै दास भएका छौं कि कसैसँग भेट्दा पनि हामी कुराभन्दा बढी हाम्रो ध्यान मोबाइल र इन्टरनेटमा हुन्छ । अनि त्यस्तो भेटघाटको के अर्थ ? आजभोलि त क्याफे, पार्क जतासुकै मानिस भेट्न जाँदा पनि एकअर्कासँग गफभन्दा बढी मोबाइल, इन्टरनेटमै व्यस्त देखिन्छ । कतिपय त बाटोमा हिंड्दा पनि मोबाइलमा इन्टरनेटको प्रयोग गरेर गफ गर्दै हिंड्छन् ।

एक प्रतिवेदनअनुसार नेपालमा मात्र ११.६९ मिलियन इन्टरनेट प्रयोगकर्ता छन् । त्यस्तै ५.८ सामाजिक सञ्जालको प्रयोगकर्ता छन् । त्यस्तै अहिले विश्वमा एकतिहाइ जनसंख्याले इन्टरनेट प्रयोग गर्छन् । यो १० प्रतिशतले बढिरहेको छ । नेपालमा फेसबुक प्रयोगकर्ताको संख्या करीब ५८ लाख रहेको छ, आठ लाख ट्वीटर प्रयोगकर्ता छन् । त्यस्तै अर्को प्रतिवेदनअनुसार हामी सामाजिक सञ्जाल र प्रविधिमा दैनिक आठ घण्टा व्यतित गर्छौं । त्यो भनेको वर्षमा १२१ दिन हुन्छ ।

अहिले समाजिक सञ्जालको प्रयोग बढ्दो छ । फेसबुक ट्वीटरमा हाम्रो दिनचर्या बित्ने गर्दछ । फेसबुकमा त हजारभन्दा बढी साथी हुन्छन्, तर त्यसको केही अर्थ हुँदैन । जब आफूलाई पर्छ तब आफू एक्लो परिन्छ । हामी मित्रताको गुणस्तरीयताभन्दा पनि यसको संख्यामा रमाउँछौं । हामी भेटेर भन्दा पनि अनलाइन कुराकानीमै रमाउँछौं र हाँसो, खुसी जस्ता मानिसका भावना पनि अनलाइन नै व्यक्त गर्छौं । आजभोलि त फेसबुकमै माया बस्छ र फेसबुकमै डिभोर्स पनि हुन्छ । आजभोलि माया भन्ने चिज नै फेसबुकले सस्तो बनाइदिएको छ । यस्ता सञ्जालले हाम्रो सम्बन्ध फिक्का बनाइदिएको छ । मायाका नाममा त्यति धेरै गीत लेखिए, किताब, कविता लेखिए, कैयौंले ज्यान दिएको इतिहास छ । तर अहिले मायाको त्यो गहिराई नै हराएर गएको छ । मेरा एकजना मित्रका तीनजना प्रेमिका छन्, सबैलाई उनले फेसबुकमै भेटेका हुन् ।

त्यस्तै महानगरीय अपराध महाशाखाका अनुसार प्रत्येक दिन फेसबुक सञ्जालबाट उजुरी दिनेको संख्या आठभन्दा बढी हुन्छ । तीमध्ये अधिकांश प्रेमीले प्रेमिका अथवा प्रेमिकाले प्रेमी ठगेको उजुरी आउँछ । त्यस्तै अहिले आएर साइबर क्राइम पनि चुनौतीको विषय बनेको छ । यो तीव्र रूपमा बढ्दो छ । केही समयअघि धनकुटाकी भेनिसा लिम्बूको हत्याको कारण पनि फेसबुक नै थियो ।

फेसबुकमा जोडिएको मायाप्रीतिले माघ ८ गते भेनिसाको हत्या भयो । यो क्रम बढ्दो छ । फेसबुक सञ्जालमा छाइरहने युवायुवतीले अनेकौं तरिकाले ठग्छन् । एक प्रतिवेदनअनुसार एउटा मान्छेको पाँचवटासम्म फेसबुक आईडी हुन्छन् । अनि फेक आईडी बनाएर फ्रेण्ड रिक्वेस्ट पठाउँछन् र ठग्छन् । त्यस्तै समाचारमा आएअनुसार अहिले फेसबुकबाटै धम्की दिने, अपहरण गर्ने, ठग्नेलगायतका उजुरी आउन थालेको छ । विडम्बना विद्युतीय कारोबारी कानून भने छैन हामीकहाँ ।

आज हाम्रा सामाजिक सञ्जाल अनुभव हेर्दा यस्तो लाग्छ, हामी सहभागिता होइन विचार व्यक्त गर्न, छलफल होइन आफ्नो कुरा राख्न, गहन ढंगले कुराकानी होइन बोक्रे टिप्पणी गर्न उद्यत हुन्छौं । कहिलेकाहीं त कस्तो लाग्छ भने यस्ता सामाजिक सञ्जालको प्रयोग एकअर्कासँग कुरा गर्नभन्दा पनि एकअर्काका बारेमा कुरा गर्न गरिन्छ । हामी प्रायः आफ्नै कुरा राख्न बढी लालायित हुन्छौं, त्यसमा आउने लाइक, राम्रा कमेन्टले मख्ख पर्छौं ।

आफूसँग विचार मिल्नेसँग मात्र सूचना आदानप्रदान गर्छौं र नमिल्नेलाई कि त ब्लक गर्छौं कि त अनफलो । नराम्रो कमेन्ट गर्नेलाई कि त हटाइदिन्छौं कि त ब्लक । फेसबुकमा पनि आफ्नै कुरा राख्छौं, आफ्नै विज्ञापन गर्छौं । कोही त घण्टैपिच्छे आफ्नो फोटो परिवर्तन गर्छन् र त्यसमा आउने लाइक कमेण्टले मक्ख पर्छन् । कसैलाई सहयोग गर्‍यो, त्यसबाट आनन्द लिनुको साटो त्यसको प्रचार गर्न हतार हुन्छ ।

**वाइल घोनिम भन्छन्, 'सामाजिक सञ्जालले 'गलत सूचना, अफवाह र घृणाको भाषा फैलाउँदै समाजलाई झनै विकृत बनायो । वातावरण विषाक्त पार्‍यो । अनलाइन संसार, ट्रोल झूट र घृणाले भरिएको रणभूमि बन्यो ।' फेसबुकमा छाउने अनलाइन समाचारले मानिसमा झुटको खेती गर्‍यो ।**

आजभोलि सामाजिक सञ्जाल प्रयोगकर्ताको तारिफ गर्ने वा उसले गरेको कामको प्रचार गर्ने माध्यम बनेको छ । यसले मानिसलाई यान्त्रिकजस्तो बनाएको छ ।

अहिले सेल्फीको जमाना छ, जहाँ गयो सेल्फी, जसको कारणले दुर्घटना पनि भएका छन् । सेल्फी खिचेर फेसबुकमा देखाउन हामी जस्तोसुकै भीर पहरामा पनि जान डराउँदैनौं, जसले गर्दा दुर्घटना हुने गर्छ । कोही-कोही त फेसबुकमा हाल्नकै निम्ति घुम्न जान्छन् । आनन्द लिनुको साटो फेसबुक, ट्विटरमा हाल्नै हतार हुन्छ । आफूलाई इन्टलिजेण्ट वा प्रबुद्ध देखाउन किताब वा उपन्यास समातेर फोटो राख्छन् । कहिलेकाहीं लाग्छ, विदेशमा बस्ने नेपालीले देखावटी र झूटो आडम्बरसहित फोटो र स्ट्याटस नहालिदिए नेपालबाट बिदेशिने निकै कम हुन्छ ।

थोमस एल फ्राइडम्यानले एउटा लेखमा उल्लेख गरेका छन्, पछिल्ला केही वर्षमा हामीले कैयन् 'फेसबुक क्रान्ति' देख्यौं । अरब स्प्रिङदेखि अकुपाई वालस्ट्रिट, इस्तानबुल स्कुवायर, कियभ र हङकङमा देखिएका अनेक किसिमका आन्दोलनमा सामाजिक सञ्जालले अतुलनीय भूमिका खेल्यो र निकै ऊर्जा प्रदान गरेको थियो । यस्ता पेजले फेसबुकमा थुप्रै लाइक र कमेन्ट प्राप्त गरे र फलोअर पनि बढ्दै गए । तर, सुरूका दिनमा देखिएको उत्साह विस्तारै समयसँगै हटेपछि यस्ता अधिकांश आन्दोलनले कुनै स्थायी प्रकृतिको लोकतान्त्रिक राजनीतिक व्यवस्था निर्माण गर्न सकेनन् ।

त्यसरी सुरू भएको आन्दोलनले ठोस कुनै स्थायी परिणाम दिन भने सकेन । सुरू त भयो तर त्यसको सही समाधान निस्किन सकेन । यसको आंशिक कारण हो, राष्ट्रिय राजनीतिमा बुलन्द भएर आएका असंख्य आवाजले ती देशमा सहमति निर्माणको प्रयासलाई असम्भव बनायो । उनी प्रश्न गर्छन्, सामाजिक सञ्जालले बनाउनेभन्दा भत्काउने काम गर्छ कि ?

त्यसको उत्तर वाइल घोनिमले प्रसंग जोड्दै लेखेका छन्, सामाजिक सञ्जालले भत्काउने काम नै बढी गर्छ । इजिप्ट नागरिक घोनिम गुगलका कर्मचारी हुन् । उनले निर्माण गरेको बेनामे फेसबुक पेजले सन् २०११ मा इजिप्टको तहरिर स्कुवायर क्रान्ति उद्घोष गर्न सहयोग गर्‍यो । उक्त क्रान्तिले राष्ट्रपति होसनी मुबारकलाई सत्ताच्युत गर्न त सफल भयो, तर मुबारकको विकल्पमा प्रजातान्त्रिक राज्यसत्ता निर्माण गर्न सकेन । जसले गर्दा स्थिरता, अराजकता बढ्दै गयो । यसले समस्या सुल्झाउनेभन्दा पनि बढी समस्या थपिदियो । नेपालमा पनि अकुपाइ बालुवाटार जस्ता पेजको निर्माण गरेर आन्दोलन भए तर त्यसले ठोस परिणाम भने दिन सकेन ।

वाइल घोनिम भन्छन्, 'सामाजिक सञ्जालले 'गलत सूचना, अफवाह र घृणाको भाषा फैलाउँदै समाजलाई झनै विकृत बनायो । वातावरण विषाक्त पार्‍यो । अनलाइन संसार, ट्रोल झूट र घृणाले भरिएको रणभूमि बन्यो ।' फेसबुकमा छाउने अनलाइन समाचारले मानिसमा झुटको खेती गर्‍यो । लाइक र कमेन्टको संख्या बढाउन मानिस अनेक किसिमका गलत सूचना प्रवाह गर्न उद्यत भयो ।

आजभोलि सामाजिक सञ्जाल आफ्नो तारिफ वा आफूले गरेको कामको प्रचार गर्ने माध्यम बनेको छ । हामी हरेक दिन फेसबुकमा साथीलाई जन्मदिनको शुभकामना त दिन्छौं, तर प्रायलाई त हामीले चिनेका पनि हुँदैनौ, बोल्ने त परै जाओस् । हामी एक यान्त्रिकजस्तो भएका छौं । खोक्रो आडम्बर देखाउने ठाउँ बन्यो, सामाजिक सञ्जाल अनि हामी पनि त्यसमै रमायौ । हामी एकअर्काबीच नजिक त भयौं तर सम्बन्ध निकै टाढा र फिक्का भयो ।

अर्कोतिर सामाजिक सञ्जालमा हामीबाट प्रयोग हुने भाषाको कुरा गर्नुपर्दा न त आफ्नै नेपाली भाषामा आत्मनिर्भर हुन सकेका छौं न त अंग्रेजी वा अरू कुनै भाषामा । फेसबुक प्रयोगकर्ता अधिकाँश नेपालीहरूको स्ट्याटस होस् या म्यासेज हेर्दा लाग्छ न त हामी आफ्नो भाषा मिलाएर प्रयोग गर्न सकेका हुन्छौं न त अंग्रेजी नै ।

अधिकाँश फेसबुक वा अन्य सामाजिक सञ्जालका प्रयोगकर्ताहरूले भाषा नेपाली, अक्षर अंग्रेजी रोमनमा त्यो पनि स्पेलिङ नमिलेको प्रशस्त देख्न सकिन्छ । सामाजिक सञ्जालमा संवादको माध्यमकारूपमा नेपालीमै लेखिएको ब्याकरण वा अन्य भाषिक शुद्धाशुद्धी मिलेको हरफहरूको अपेक्षा गर्नु त धेरै टाढाको कुरा भयो । यस खालको प्रवृत्तिले गर्दा हाम्रो भाषालाई हामीले नै उपेक्षा गरेका छौं । अर्थात हाम्रो भाषालाई हामीले नै भाँचकुँच गरेका छौं । यस तर्फ सचेत वर्गको ध्यान जान आवश्यक छ ।

# ट्याक्सीको न्युनतम भाडा ४ सय १० येन प्रस्तावित

❑ नेस संवाददाता

टोकियो – जापानको ट्याक्सी बजारमा छुट्टै प्रसिद्धि कमाएको निहोन कोउचुउले टोकियो भित्र ट्याक्सीको न्यूनतम शुल्क ४ सय १० येनमा सञ्चालन गर्ने अनुमतिको लागि यहाँको यातायात बिभागमा निबेदन दिएको छ । योमिउरी सिन्बुनका अनुसार ट्याक्सीको नयाँ दर अनुसार १ दशमलव ०५९ किलोमिटरसम्म न्युनतम शुल्क ४ सय १० येन र त्यसपछि हरेक २ सय ३७ मिटरको लागि ८० येनको दरले थप गर्दै जाने बताईएको छ ।

जापानी समाजमा बढ्दो बृद्धहरूको संख्यालाई ध्यानमा राख्दै छोटो दुरीमा र किनमेलको लागि पनि ट्याक्सीको प्रयोग गर्न सहज होस भन्ने उद्देश्यले ट्याक्सीको शुल्कमा पुनर्बिचार गरिएको निहोन कोउचुउले जनाएको छ । ट्याक्सीको हाल चालु रहेको शुल्क अनुसार न्यूनतम शुल्क २ किलोमिटरको लागि ७ सय ३० येन रहेको छ । कम्पनीका अनुसार ट्याक्सीको शुल्क क्षेत्रगत आधारमा फरक निर्धारण गरिएको र हाललाई टोकियोका २३ वडा, मुसासिनो, मिताका सिटी आदिमा नयाँ ब्यवस्था अनुसार लागू गर्ने सोंच रहेको बताईएको छ ।

यातायात मन्त्रालयले भने अन्य कुल ट्याक्सी संख्याको ७० प्रतिशत पुग्ने गरी अन्य कम्पनीहरूबाट पनि ३ महिना भित्र निबेदन आएमा आवश्यक प्रक्रिया अघि बढाउने बताएको समाचारमा उल्लेख छ । जस अनुरूप अन्य कम्पनीहरूबाट पनि निबेदन आउने क्रम जारी रहेको बताईएको छ । ट्याक्सीको प्रयोगलाई प्रबर्धन गर्नका लागि मन्त्रालयका सम्बन्धित अधिकारीले न्यूनतम शुल्कको दुरी कम गरी शुल्क पनि घटाउन प्रस्ताब गरेको छ । जस अनुसार आगामी जुलाई वा अगस्त महिनादेखि न्यूनतम १ दशमलव १६ किलोमिटरको शुल्क ४ सय ६० येनको दरले परिक्षणको रूपमा लागू गर्ने योजना बनाईएको पनि समाचारमा उल्लेख छ ।

तुलनात्मक रूपमा जापानको ट्याक्सी भाडा महङ्गो हुने भएकोले यहाँ ट्याक्सी प्रयोग गर्ने मानिसहरु कम हुने गरेको पाइन्छ ।

# आवास कर्जा लिने जापानीहरूको संख्यामा बृद्धि

❑ नेस संवाददाता

टोकियो – जापानका ६ वटा ठूला बैंकहरूबाट आवासको लागि पुनःकर्जा लिनेहरूको संख्या मार्च महिनामा मात्र २३ हजार जना रहेको आसाही सिन्बुनले जनाएको छ । उक्त संख्या गत बर्षको सोही अवधिको तुलनामा ३.६ गुणाले बृद्धि हो । जापानको केन्द्रिय बैंकले ऋणात्मक ब्याजदरको नीति लिएपछि उक्त संख्या बृद्धि भएको बताईएको छ । फेब्रुअरी महिनामा अघिल्लो बर्षको तुलनामा १.८ गुणाले बृद्धि भएको थियो । आसाही सिन्बुनले मित्सुबिसी टोकियो युएफजे, मित्चुइ सुमितोमो, मिजुहो, रिसोना, मिचुइ सुमितोमो सिन्ताकु र सिन्सेइ बैंकहरूमा परेको आवास ऋण आवेदनको आधारमा सो तथ्याङ्क निकालेको हो ।

मार्च महिनामा ऋणको करार गर्नेलाई प्राथमिकता ब्याजदरको रूपमा १० बर्षको लागि ०.५ प्रतिशतमा कर्जा प्रवाह गर्ने बैंक पनि रहेको समाचारमा उल्लेख छ ।

अर्कोतर्फ नयाँ कर्जाको लागि आवेदन संख्या ४१ हजार ७०० रहेको र सो संख्या अघिल्लो बर्षको तुलनामा दोब्बर भएको भए पनि संख्यात्मक आधारमा अघिल्लो बर्षको तुलनामा कमी आएको बैंकहरु पनि रहेको बताईएको छ । घरजग्गाको मुल्यमा बृद्धि भएकोले आवास ऋणको नयाँ आवेदन बढाउन त्यति सजिलो नभएको धारणा राख्ने बैंकहरु पनि नभएको होइन ।

# जापानको हाइवेमा अधिकतम गति अब प्रतिघण्टा १ सय २० किमी हुने

❑ नेस संवाददाता

टोकियो – जापान प्रहरीले यहाँको हाइवेहरूमा सवारी साधनको गति अधिकतम १ सय किमीबाट बृद्धि गरी १२० किमी गर्ने योजना बनाएको बुझिएको छ । सिनतोउमेइ हाइवे लगायतका केही हाइवेहरूको लागि यस किसिमको योजना गरिएको समाचारमा उल्लेख छ ।

हाल हाइवेहरूमा अधिकतम गति १ सय किलोमिटर प्रतिघण्टा निर्धारण गरिएको भए पनि सो भन्दा माथिको गतिमा सवारी साधनहरु गुडिरहेको यथार्थतालाई मनन गर्दै गति सीमिततामा बृद्धि गरिएको प्रहरीको भनाई छ । गत बर्ष देखिनै अधिकतम गति बृद्धि गर्नका लागि अध्ययनरत ट्राफिक प्रहरीको टोलीले जापानका बिभिन्न हाइवेहरूको ट्राफिक चाप र हाइवेको बनावट अध्ययन गरी अधिकतम १ सय २० किलोमिटर प्रतिघण्टा बनाउने योजना तयार पारेको हो ।

आगामी बर्षदेखि कम घुम्ती भएको र स्पष्ट देखिने तोउमेइ र तोउहोकु हाइवेहरूमा अधिकतम गति पहिले १ सय १० किलोमिटरसम्म बृद्धि गर्ने र सम्बन्धित प्रान्तका अधिकारीहरूको धारणा बुझ्दै अधिकतम गति बृद्धि गर्ने बताईएको छ ।

CITY EXPRESS MONEY TRANSFER | SBI Remit
के नेपालमा पैसा पठाउँदै हुनुहुन्छ ?
FREE
सित्तैमा
पैसा पठाउन सकिने
● पहिलोचोटी नेपाल पैसा पठाउँदा सित्तैमा
(पुराना ग्राहकहरूको हकमा २०१४ सेप्टेम्बर ३० तारिखसम्म हाम्रो सेवा लिनु भई त्यसपछि हाम्रो सेवा उपयोग नगर्नु भएका ग्राहकबर्गमा पनि यो सेवा लागू हुनेछ ।)
● ४ पटक नेपाल पैसा पठाएमा ५ औं पटक सित्तैमा
● यो सेवा २०१५ मार्च ५ तारिखदेखि लागू हुनेछ
दरभाउ बुझ्नका लागि: 080-3842-9995 (Softbank)
सस्तो, छिटो, भरपर्दो र बिना झन्झटिलो माध्यमबाट नेपालमा पैसा पठाउनका लागि
CITY EXPRESS MONEY TRANSFER JAPAN Co. Ltd.
〒169-0073 Tokyo, Shinjuku-Ku, Hyakunin-Cho 2-10-9, Shin-Okubo Initial House 2F
Tel.: 03-5925-4121, Fax: 03-5925-4122
Email: japan@ctxpress.co.jp, Web: www.cityremit.com
नेपाली भाषामा विस्तृत जानकारीको लागि: 090-6452-8932 (SB), 080-4659-1860 (SB)

TOHO KHANBAN
आफ्नै कम्पनीको मौलिक उत्पादन, उच्च गुणस्तरीय LED साइनबोर्ड सर्वोत्कृट तथा दक्ष डिजाइनरद्धारा डिजाइन गरिने
सस्तो, कम बिजुली लाग्ने, धेरै टिक्ने, कम ताप दिने
साइनबोर्ड मूल्य सूची (डिजाइन, प्रिन्ट र डिस्प्ले प्यानल सहित)

पातलो विद्युतीय साइनबोर्ड ८ सेमी बाक्लो | पातलो विद्युतीय साइनबोर्ड (LED लाइट) | विद्युतीय साइनबोर्ड | विद्युतीय साइनबोर्ड (बल्ने-निभ्ने) | LED डिस्प्ले साइनबोर्ड | LED ग्रिप साइनबोर्ड
नयाँ प्रविधियुक्त मेशिनद्धारा प्रिन्ट गरिने
प्रोफेशनल क्यामेराम्यानद्धारा रेष्टुरेन्टका खानाहरुको फोटो खिच्न सकिने
घाम तथा पानीले नबिगार्ने साइनबोर्ड
सबै प्रकारका प्रिन्टिङ्ग सेवाहरू
रेष्टुरेन्टका लागि
डिस्प्ले परिवर्तन, विद्युतीय साइनबोर्ड, पोष्टर, भिजिटिङ्ग कार्ड, X ब्यानर स्ट्यान्ड, कटिङ्ग अक्षर, मेन्यु, चिरासी, मूल्य सूची आदि प्रिन्ट गरिन्छ ।
आफ्नै फ्याक्ट्रिमा बनाइने
✔ साइनबोर्ड फिटिङ्ग
✔ सबैभन्दा छिटो
✔ सबैभन्दा सस्तो
✔ अर्डर अनुसार तयार
✔ पानीले नभिज्ने, घाममा नपग्लिने
✔ अनुमानित खर्च निःशुल्क उपलब्ध
इकेबुकुरो स्टेशन पूर्वी ढोकाबाट ३ मिनेट पैदल
सम्पर्क
Toho Co., Ltd.
अफिस : ०८०-४२०८-७२५२, ०८०-४६१२-१८०८(SB)
जापानी भाषाको लागि : ०३-६८८३-८९८१
इमेल : 1937727546@qq.com
Our Professional Staffs is Waiting to Help You !
जापानभरी डेलिभरीको व्यवस्था पनि छ (डेलिभरी शुल्क लाग्ने छ)
Fujita Bldg. 5F, Higasi Ikebukuro 1-35-10 Toshima-Ku, Tokyo

## आगामी बजेट जेठ १५ मा सार्वजनिक गर्ने तयारी

# पुनर्निर्माणका लागि १ खर्ब ५० अर्बको सिलिङ

❑ नेस संवाददाता

काठमाडौं – चालू आर्थिक वर्षमा जस्तै आगामी बजेटमा पनि पुनर्निर्माणमा सबैभन्दा बढी छुट्याइने भएको छ ।

चालू आर्थिक वर्षमा पुनर्निर्माणका लागि प्रत्यक्षरूपमा ७४ अर्ब रूपैयाँ र विभिन्न मन्त्रालयगतहरु मार्फत १७ अर्ब रूपैयाँ गरी ९१ अर्ब रूपैयाँ बजेट विनियोजन गरिएको थियो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आगामी आर्थिक वर्ष ०७३/०७४ का लागि भने कम्तिमा १ खर्ब ५० अर्ब रूपैयाँ बजेट पाउने भएको छ । राष्ट्रिय योजना आयोगले प्राधिकरणलाई आगामी आर्थिक वर्ष डेढ खर्ब रूपैयाँ बराबरको सिलिङ तोकेको हो । जेठ १५ गते आगामी आर्थिक वर्षको बजेट ल्याउने तयारीमा सरकार जुटेको छ ।

राष्ट्रिय योजना आयोग स्रोतका अनुसार प्राधिकरणलाई १ खर्ब ५० अर्बको सिलिङ दिइएको तर प्राधिकरणले खर्च गर्न सक्ने पर्याप्त आधार देखाउन सकेको खण्डमा उसलाई सिलिङको सीमा लाग्ने छैन । 'खर्चगर्न सक्ने प्रष्ट आधार ल्याएको खण्डमा प्राधिकरणलाई बजेटको सिलिङ लाग्ने छैन,' योजना आयोग स्रोतको भनाइ छ – प्राधिकरणको अहिलेसम्मको कार्यशैली र कार्य प्रगति हेर्दा उसले १ खर्ब ५० अर्ब रूपैयाँ नै खर्च गर्नसक्ने आधार देखिँदैन ।'

> प्राधिकरणलाई १ खर्ब ५० अर्बको सिलिङ दिइएको तर प्राधिकरणले खर्च गर्नसक्ने पर्याप्त आधार देखाउन सकेको खण्डमा उसलाई सिलिङको सीमा लाग्ने छैन ।

आगामी आर्थिक वर्षका लागि योजना आयोगले अर्थ मन्त्रालयलाई ९ खर्ब ९ अर्ब रूपैयाँ बराबरको बजेट बनाउन सिलिङ दिएको छ । आयोगले दिएको सिलिङ अनुसार नै मन्त्रालयहरूसँग छलफल गरी कार्यक्रमहरु तयार भइरहेको अर्थ मन्त्रालयका सल्लाहकार डा. बिमल नेपालले जानकारी दिनुभयो । 'आयोगको सिलिङभित्र रहेर नै मन्त्रालयहरूसँग छलफल गरिरहेका छौं,' सल्लाहकार डा. नेपालले भन्नुभयो– 'छलफलपछि बढी बजेटको आवश्यकता भएको ठहर भयो र बढी आकारको बजेट बनाउँदा खर्च हुनसक्छ भन्ने प्रष्ट आधार भयो भने आयोगको सिलिङभन्दा ठूलो आकारको बजेट पनि आउन सक्छ ।'

# राष्ट्रिय सहमतिको सरकार असम्भव : पोखरेल

❑ नेस संवाददाता

झापा – नेकपा एमालेका स्थायी कमिटी सदस्य शंकर पोखरेलले राष्ट्रिय सहमतिको सरकार सम्भव नभएको बताउनुभएको छ ।

झापा क्षेत्र नम्बर ३ को प्रशिक्षण कार्यक्रममा सहभागी हुन झापा पुग्नुभएका पोखरेलले अहिले मिलीजुली सरकार आवश्यक नरहेको बताउनुभयो । प्रेस चौतारी झापाले बिर्तामोडमा आयोजना गरेको पत्रकारसम्मेलनमा पूर्वसञ्चारमन्त्रीसमेत रहनुभएका पोखरेलले आफ्नो अग्रसरतामा संविधान जारी गरेको दाबी गर्ने नेपाली काँग्रेसले संविधान कार्यान्वयनको विषयमा भद्र सहमति तोडेकाले राष्ट्रिय सहमतिको सरकार बन्न नसक्ने दाबी गर्नुभयो ।

उहाँले नेपाली काँग्रेसलाई संविधान कार्यान्वयनमा प्रतिपक्षमा बस्न नमिल्ने बताउँदै वचनमा अडिएको काँग्रेस आफूहरूले हेर्ने चाहेको बताउनुभयो । सरकारको ६ महिना उपलब्धिमूलक रहेको बताउँदै संविधान कार्यान्वयन, पुनःनिर्माण र आर्थिक, सामाजिक विकास अबको सरकारको मुख्य एजेण्डा हो भन्नुभयो ।

प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारले कूटनीतिक सम्बन्ध स्थापित गर्न सफल भएको उहाँको भनाइ थियो । उहाँले नेपाल भारत सम्बन्धलाई थप स्थापित गर्न प्रधानमन्त्री केपी ओलीले महत्वपूर्ण भूमिका निर्वाह गरेको दाबी गर्नुभयो ।

# बूढीगण्डकी आयोजना क्षेत्रको ४ हजार धनीको जग्गा रोक्का

❑ नेस संवाददाता

काठमाडौं – बूढीगण्डकी जलविद्युत् आयोजना विकास समितिले आयोजना प्रभावित धादिङ र गोरखाको जग्गा बिक्रीवितरण बन्द गर्ने भएको छ ।

आयोजना विकास समितिले हालै सार्वजनिक सूचना प्रकाशन गरी प्रभावित क्षेत्रको जग्गाको बिक्रीवितरण बन्द गर्न र ३५ दिनभित्र जिल्ला प्रशासन कार्यालयमा सम्पर्क राख्न स्थानीयवासीलाई आग्रह गरेको हो ।

प्रभावित क्षेत्रका जनतालाई आफ्नो जग्गाको प्रमाणसहित सम्बन्धित जिप्रकामा सम्पर्क राख्न सूचना प्रकाशन भएपछि जग्गाको कारोबार बन्द भएको नै मान्नुपर्ने आयोजना विकास समितिमा अध्यक्ष लक्ष्मीप्रसाद देवकोटा बताउनुहुन्छ ।

उहाँका अनुसार समितिले तीन हजार ७ सय २३ जग्गाधनीलाई सम्बन्धित जिप्रकामा आफ्नो जग्गाको सक्कल कागजातसहित उपस्थित हुन र जग्गा बिक्रीवितरण बन्द गर्न स्थानीयवासीलाई अनुरोध गरेको छ ।

आयोजना प्रभावित क्षेत्रमा भूमाफियाको चलखेल बढेको र बढाबढमा जग्गा बिक्री हुन थालेको सूचना आएपछि समितिले जग्गा बिक्री बन्द गर्न अनुरोध सहित स्थानीय जिप्रकालाई मुआब्जा वितरणको तयारी गर्न आग्रह गरेको हो ।

आयोजनाका कारण गोरखाका घ्यालचोक, फुजेल, नाम्जुङ, बुङ्कोट, अस्राङ, बोर्लाङ, धावा, तान्द्राङ, आरूपोखरी, आरूचनौटे, आरूअर्बाङ सबैभन्दा बढी प्रभावित हुनेछन् । यस्तै धादिङका सलाङ, मैदी, खरी, चैनपुर, सल्यानटार, आगिन्चोक, त्रिपुरासुन्दरी, मार्पाक, मूलपानी, बसेरी, बुडाथुम गाविसको महत्वपूर्ण धानखेत तथा टार पनि प्रभावित हुनेछन् ।

भीमसेन थापाको बगैचा, पृथ्वीनारायण शाहको न्वागी खाने धानखेत, प्रसिद्ध त्रिपुरासुन्दरी मन्दिर, मास र भटमासका लागि प्रसिद्ध मासटार, क्यामुनटार, जोगीटार, सल्यानटारको तल्लो भाग र गोरखा तथा धादिङको प्रमुख व्यापारिक केन्द्र आरूघाट बजार कृत्रिम सरोबरमा डुब्नेछ । १२ गाविसका अधिकांश गाउँमा पानी जम्मा गरेर तालमा आधारिक विद्युत आयोजना बनाउने लक्ष्य छ । प्रभावित सबै क्षेत्रका जनतालाई जग्गाको प्रमाण सहित जिप्रकामा सम्पर्क राख्न आग्रह गरिएको आयोजना विकास समितिका अध्यक्ष देवकोटाले जानकारी दिनुभयो ।

उनले स्थानीयवासीले ३५ दिनभित्र जिप्रकामा सम्पर्क राखेपछि प्रजिअको नेतृत्वमा रहेको मालपोत, नापी कार्यालयका प्रमुख सहितको समितिले मुअब्जाको दर तय गर्ने र चालु आवभित्रै मुआब्जा वितरण प्रक्रिया सुरु गरिने उल्लेख गर्नुभयो । देवकोटाका अनुसार आयोजनालाई चालु आवमा उपलब्ध तीन अर्ब ३५ करोड रूपैयाँ मध्येबाटै मुआब्जा वितरण सुरु गरिने र थप रकमका लागि सरकारलाई आग्रह गरिने छ ।

आयोजना प्रभावित क्षेत्र गोरखाका सांसद आशा कोइराला जग्गाको लगत लिन स्थानीय जनतालाई आग्रह भएपछि आयोजना अगाडि बढ्ने विश्वास बढेर गएको बताउँनुहुन्छ । तत्काल आयोजना कुन ढाँचामा बनाउने हो निर्धारण गरेर काम सुरू गर्नुपर्नेमा जोड दिँदै उहाँ काठमाडौं, पोखरा र नारायणगढ जस्ता ठूला सहरको माग धान्ने महत्वपूर्ण परियोजनालाई ढिलाइ नगरी प्रक्रिया सुरू गर्न सरकारसँग आग्रह गर्नुहुन्छ ।

गोरखाका सांसद चीनकाजी श्रेष्ठ आयोजनाको काम कछुवा गतिमा अगाडि बढेको बताउँदै जग्गाको पहिचानका लागि जिप्रकामा सम्पर्क राख्ने सूचना आउनु एक चरण अगाडि बढेको मान्न सकिने धारणा राख्नुहुन्छ । उहाँले आयोजना तत्काल अगाडि बढाउनुपर्ने र मुआब्जा वितरण गर्नुपर्ने, अपुग रकम सरकारले उपलब्ध गराउनुपर्ने र भूकम्प प्रभावित जनतालाई तत्काल राहत दिनुपर्नेमा जोड दिनुभयो ।

कुल एक हजार २ सय मेगावाट क्षमताको सो आयोजनाबाट धादिङ र गोरखाका करीब ४५ हजार जनताले थातथलो छाड्नुपर्ने देखिन्छ ।

# वैशाखदेखि हुने आन्दोलनमा सिंहदरबार घेरिन्छ : महतो

❑ नेस संवाददाता

वीरगन्ज – सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले वैशाखदेखि गर्ने भनिएको आन्दोलन अब नाका केन्द्रित नभई सिंहदरबार केन्द्रित हुने बताउनुभएको छ ।

'हामीले वार्ता र संवादबाट समस्याको निकास खोज्न चाहेका छौं, तर सरकार गैरजिम्मेवार छ, जनताले अप्ठ्यारो भोगेको आन्दोलनको सम्बोधन गर्नुपर्छ भन्नेभन्दा पनि बल प्रयोग गरेर आन्दोलन तुहाउने षड्यन्त्रमा लागेको छ' – विहिबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा उहाँले भन्नुभयो । उहाँले थप्नुभयो – 'सर्वसाधारणलाई अप्ठ्यारो नपर्ने तर सरकारलाई बढी असर पर्ने सिंहदरबार केन्द्रित आन्दोलनको तयारीमा जुटेका छौं ।'

मधेस आन्दोलन तुहिएको वा सकिएको नभई त्यसको स्वरूप मात्र फेरिएको र वैशाखदेखि त्यसलाई नयाँ स्वरूप दिइने उहाँको भनाइ थियो ।

गाडि चाहिएमा सेवामा हाजिर छौं
For Moving & Shifting
कोठा सर्नु परेमा, अरू कुनै सामान सार्नुपरेमा, समुहमा वा स-परिवार कतै घुम्न जानको लागी गाडि चाहिएमा हामीलाई सम्झनुहोस । सुपथ मूल्यमा सेवा उपलब्ध छ ।

नेपाली तथा इण्डियन रेष्टुरेन्टमा आवश्यक पर्ने खण्डे थाल, कटौरा, मःम पकाउने भाँडो, प्रेसरकुकर, करूवा लगायतका भाँडाकुडा पनि उपलब्ध छ ।

सम्पर्कः Asia Moving
090-9304-2626
For More Information : www.asiahunter.com
(Contact Person : Masaki Kobayashi – नेपाली, हिन्दी र जापानी भाषामा पनि कुरा गर्न सकिने ।)

ठाउँ एक, सुविधा अनेक
भिसा फारम
आफन्तलाई जापान घुम्न बोलाउन, आफू तथा आफन्तको भिसा नवीकरण गर्न अमेरिका, बेलायत, अस्ट्रेलिया लगायतका देशमा जान भिसा फारम भर्न परेमा ।
ट्रान्सलेट
जापानी, अंग्रेजी, नेपाली भाषाका कागजातहरु ट्रान्सलेट गर्नु परेमा ।
मेनु चिरासी
रेष्टुरेन्टको मेनु, चिरासी तथा भिजिटिङ कार्ड डिजाइन तथा छपाउनु परेमा ।

आजै, सम्पर्क गर्नुहोस्
भौंतारिनै पर्दैन !!!
GMT International Co. Ltd.
Tel/Fax: 03-5937-5314 Mobile: 080-4150-5314
E-mail: samudraparinews@gmail.com

महत्वपूर्ण टेलिफोन नम्बरहरु
नेपाली राजदूतावास टोकियो
फोनः ०३-३७१३-६२४१/४२
फ्याक्सः ०३-३७१९-०७३७
टोकियो क्षेत्रिय अध्यागमन ब्यूरो सिनागावा ........ ०३-५७९६-७१११
टेलिफोन नम्बर सोधपूछ ........ १०४
प्रहरी ........ ११०
एम्बुलेन्स र दमकल ........ ११९

# जापानभरि ‘धन्यबाद ज्ञापन र्‍याली’ प्रदर्शन गरिने

❑ नेस संवाददाता

टोकियो – गत बैशाख १२ को महाभूकम्पको बिपत्तिमा ठूलो सहयोग पुर्‍याएको भन्दै जापानब्यापीरूपमा नेपालीहरु सडकमा उत्रेर जापानलाई धन्यबाद ब्यक्त गर्ने भएका छन् ।

नेपालमा विनाशकारी महाभूकम्प गएको एक वर्ष पुग्ने दिन आउँदो अप्रिल २५ मा जापान सरकार र जापानी जनताहरूलाई जापानब्यापीरूपमा धन्यबाद ज्ञापन गरिने भएको हो ।

गत वर्ष प्राकृतिक महाबिपत्तिमा परेको नेपाल र नेपाली जनतालाई जापान सरकार र जापानी जनताबाट प्राप्त सहयोग र सद्भावप्रति आभार प्रकट गर्दै जापानभरि नेपालीहरूले एकै समयमा हार्दिक कृतज्ञता एवं धन्यबाद ज्ञापन गर्ने भएका हुन् ।

महाभूकम्पमा परी हजारौं नेपालीहरूले ज्यान गुमाएको र हजारौंलाई घाइते, अपाङ्ग बनाउनुका साथै कैयौंलाई घरबारबिहिन तुल्याएको दुःखद घडीमा जापान सरकार र यहाँका जनताले पुर्‍याएको सहयोग, साथ र समर्थनप्रति आभार प्रकट गर्न नेपाली दूतावास जापान, नेपाल पर्यटन बोर्ड र एनआरएन जापानको संयुक्त आयोजना एवं जापानमा रहेका नेपालीहरूको सहकार्यमा उक्त कार्यक्रम हुन लागेको हो ।

जापानका लागि कार्यबाहक राजदूत गेहेन्द्र राजभण्डारीकाअनुसार अप्रिल २५ का दिन एकै समयमा एकैखालका ब्यानर, प्ले कार्डसहित आ-आफ्नो नजिकको सडकमा उत्रेर धन्यबाद ज्ञापन र्‍याली प्रदर्शन गरिने भएको हो । नेपाली राष्ट्रिय पोशाक तथा आ-आफ्ना जातिय भेषभूषामा सजिएर बिपदमा सघाएकोमा जापान सरकार र जापानी जनतालाई जापानब्यापीरूपमा धन्यबाद ब्यक्त गरिने छ भने भूकम्पबाट थला परेको मुलुक नेपाल घुम्न गएर सहयोग गर्न अपिल गरिने छ । महाभूकम्प गएको जापानी समय अपरान्ह ३:११ बजे पारेर अर्थात ३ बजेदेखि ४ बजेसम्म जापानभरि धन्यबाद ज्ञापन गरिने छ भने प्राकृतिक सौन्दर्यताले भरिएको नेपालको चिनारी अंकित पोष्ट कार्ड दिएर जापानीहरूलाई नेपाल घुम्न जान जापानब्यापीरूपमा निम्ता दिईने छ ।

## संसदीय दलको ...

पार्टी सभापति देखि संसदीय दलको नेतामा समेत भारी मतले विजयी भएपछि काँग्रेसमा सिंगो शक्तिकेन्द्रको रूपमा देउवालाई हेर्न थालिएको छ । किनकी १३ औं महाधिवेशनसम्म आफ्नो पक्षमा रहेका नेताहरूले एक महिना पछि भएको संसदीय दलको निर्वाचनमा पौडेलले आफ्नो पक्षमा राख्न नसकेपछि काँग्रेसमा सिंगो देउवालाई शक्तिकेन्द्रको रूपमा राखेको प्रष्ट हुन्छ ।

२०२७ सालमा नेपाल विद्यार्थी संघको अध्यक्ष भएपछि नेपाली काँग्रेसको राजनीतिमा चर्चा कमाएका शेरबहादुर देउवा ४५ वर्षपछि काँग्रेसको केन्द्रविन्दुमा स्थापित हुनुभएको हो । गत फागुन २४ मा सम्पन्न निर्वाचनबाट पार्टी सभापति बन्नु भएका देउवा बुधबार काँग्रेस संसदीय दलको नेतामा पनि अत्यधिक मतले निर्वाचित हुँदै पार्टीको एकल शक्तिकेन्द्रका रूपमा स्थापित हुनुभएको हो । २०४८ सालमा संसदीय चुनावमा डडेलधुराबाट निर्वाचित भएका देउवा नेता गिरिजाप्रसाद कोइरालाको विश्वासपात्र भएकै कारण गृहमन्त्री हुन सफल हुनुभएको थियो । गिरिजाप्रसाद कोइराला र तत्कालीन सभापति कृष्णप्रसाद भट्टराईबीचको शक्ति संघर्षमा गिरिजाप्रसाद कोइरालालाई साथ दिएका नेता देउवा त्यही विश्वासका आधारमा ५१ सालमा संसदीय दलको नेता समेत बन्नुभयो ।

सभापति कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाकै अन्तर्संघर्षको परिणामस्वरूप गिरिजाप्रसाद कोइरालाले संसद विघटन गरेर मध्यावधि चुनावमा जाँदा काँग्रेस बहुमतबाट अल्पमतमा झरेपछि कोइरालाले नैतिकताका आधारमा संसदीय दलको नेता छोडेर शेरबहादुर देउवालाई समर्थन गर्नुभएको थियो । त्यहीबाट देउवाले सत्तामा आफूलाई स्थापित गर्दै शक्तिका प्रखर खेलाडी बन्नुभयो ।

त्यसपछि मिलिजुली सरकारको नेतृत्व गर्दै प्रधानमन्त्री बन्न सफल हुनुभयो । २०५६ सालको संसदीय चुनावपछि कृष्णप्रसाद भट्टराई संसदीय दलको नेता र प्रधानमन्त्री बन्नुभयो । तर, केही समयपछि नै सत्ताको खिचातानीमा परेपछि गिरिजाप्रसाद कोइरालाले गलहत्याएपछि प्रधानमन्त्री पदबाट राजीनामा दिनुभयो । त्यसपछि गिरिजाप्रसाद कोइराला संसदीय दलको नेतासहित प्रधानमन्त्री बन्नुभयो । तर, माओवादीले थालेको सशस्त्र आन्दोलनका क्रममा रोल्पा जिल्लाको होलेरीमा आक्रमण गर्दा आदेश दिए पनि सेना मूभ नभएपछि कोइरालाले नैतिकताको आधारमा पदबाट राजीनामा दिनुभयो । त्यसपछि देउवा दोस्रो पटक संसदीय दलको नेतासहित प्रधानमन्त्री बन्नुभएको थियो । उहाँ प्रधानमन्त्री रहेकै बेला माओवादी सशस्त्र आन्दोलनविरूद्ध संसदमा संकटकालको प्रस्ताव लग्नुभयो ।

पार्टीबाट निर्णय नै नगरी संकटकाल प्रस्ताव लगेको भन्दै तत्कालीन प्रधानमन्त्री देउवाको संकटकाल प्रस्ताव काँग्रेसले नै समर्थन जनाएन र प्रस्ताव असफल भयो । त्यसपछि देउवाले संसद विघटन गरेर प्रतिक्रिया स्वरूप तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले उहाँलाई साधारण सदस्य समेत नरहने गरी कार्वाही गर्नुभयो । त्यही झोकमा देउवाले काँग्रेस फुटाएर अर्को पार्टी नेपाली काँग्रेस (प्रजातान्त्रिक) बनाउनुभयो । छुट्टै पार्टी बनाएर पनि उहाँ प्रधानमन्त्री बनिरहनुभयो ।

तत्कालीन राजा ज्ञानेन्द्रले निर्वाचन गर्न नसक्ने असक्षम भन्दै २०५९ असोज १८ मा देउवा सरकार विघटन गरिदिए । त्यसको एक वर्षपछि देउवालाई पुनः राजाले प्रधानमन्त्री पदमा नियुक्त गर्नुभयो । तर पछि उहाँको सरकार पुनः विघटन गरेर आफ्नै नेतृत्वमा सरकार गठन गरेपछि प्रजातन्त्र पुनस्थापनाका लागि छ दलले जारी राखेको आन्दोलमा पूर्ण प्रजातन्त्र स्थापनाको नारा दिएर देउवाले छुट्टै आन्दोलन थाल्नुभयो ।

पछि देउवा नेतृत्वका आन्दोलन पनि अरू दलको आन्दोलनमा समाहित भयो । तत्कालीन राजाले २०६३ वैशाख ११ को शाही सम्बोधनमार्फत् प्रजातन्त्र फिर्ता गरे । काँग्रेस सभापति गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा देउवा नेतृत्वको काँग्रेसले पनि सहभागिता जनायो । २०६४ साल भदौमा दुई काँग्रेस एक भयो । देउवा काँग्रेसको दोस्रो हैसियतको नेता हुनुभयो ।

२०६६ साल चैतमा गिरिजाप्रसाद कोइरालाको निधन भयो । सभापति कोइरालाको कार्यभार सुशील कोइरालाले सम्हाल्नुभयो । तर, कोइराला संसदीय चुनावमा पराजित भएकाले संसदीय दलको नेतामा रामचन्द्र पौडेल र शेरबहादुर देउवाबीच प्रतिस्पर्धा भयो । वरिष्ठ नेता कुलबहादुर गुरूङले पनि संसदीय दलको नेतामा उम्मेद्वारी दिएका कारण कसैले बहुमत प्राप्त गर्न सकेनन् । दोस्रो चरणको मतदानबाट पौडेल संसदीय दलको नेता निर्वाचित हुनुभयो भने देउवा पराजित हुनुभयो ।

२०७० सालमा भएको दोस्रो संविधानसभा चुनाव पछि देउवा र पार्टी सभापति सुशील कोइरालाबीच संसदीय दलको नेतामा प्रतिस्पर्धा भयो । देउवा १६ मतले पछि पर्दै पराजित हुनुभयो । त्यसको दुई वर्ष पार हुँदै गर्दा काँग्रेस संसदीय दलको नेतासमेत रहेका सभापति सुशील कोइरालाको निधन भयो ।

यतिमात्र होइन । काँग्रेस सभापतिमा देउवा निर्वाचित भएपछि सरकार परिर्वतनको कुरा उठेको छ । अहिलेकै सरकारमा सहभागी हुनका लागि सत्तापक्ष दलले गरेको आग्रहलाई काँग्रेसले इन्कार गरेको छ । किनकी संसदको सबैभन्दा ठूलो दल काँग्रेसले नै सरकारको नेतृत्व गर्ने तयारीमा लागेको छ । त्यसैले त पार्टी सभापति लड्दादेखि संसदीय दलको नेता हुँदा समेत सभापति देउवाले विभिन्न व्यक्तिहरूलाई आन्तरिक रूपमा पदको समेत बाँडफाँड गर्नुभएको छ ।

यसले के प्रष्ट हुन्छ भने अब काँग्रेसको वैधानिक शक्ति केन्द्र देउवा नै हुन् । परिर्वतनको नेतृत्व गर्ने काँग्रेसले संविधान कार्यान्वयनमा पनि सरकारकै नेतृत्व गरेर प्रतिनिधित्व गर्ने देखिएको छ ।

# म्याग्देली सञ्जाल जापानको पाँचौ अधिवेशन सम्पन्न

❑ नेस संवाददाता

टोकियो – म्याग्देली सञ्जाल जापानको गत आइतवार भएको पाँचौ अधिवेशनले महेन्द्र बानिया (बेनी) को अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति सर्बसम्मत चयन गरेको छ । नवगठित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा दिपक केसी (घतान), महासचिव खेम मल्ल (देबिस्थान), सचिव नरेन्द्र सापकोटा (बरङ्जा), कोषाध्यक्ष दिपककुमार खड्का (सिंगा), सहसचिव लिल केसी (मराङ) चयन हुनुभएको छ ।

यसैगरी सदस्यहरूमा ज्ञानेन्द्र केसी (बेनी), देबेन्द्र भण्डारी (मुना), प्रेम पुन (दग्नाम), राम खड्का (घार), सरास्वती पुन (शिख), ताराबहादुर कार्की (राखु), रेशम भण्डारी (मुना), हेमकुमार जुग्जाली (बिम) र खम्मर पुन (मराङ) रहनुभएको छ । समितिमा जिल्लाका सबै क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व समेट्ने गरी थप दुई जना उपाध्यक्ष र ४ जना सदस्यहरु आगामी पहिलो बैठकले मनोनित गरिने भएको छ ।

अधिवेशनले संस्थाको कार्यप्रगति प्रतिबेदन र आर्थिक प्रतिबेदन सामान्य संशोधन सहित पारित गर्नुका साथै ५ बूँदे घोषणापत्र जारी गरेको छ । जसमा म्याग्दीलाई फ्रि वाइफाइ जिल्ला बनाउने बिश्वब्यापी अभियानलाई जापानबाट सक्दो टेवा पुऱ्याउन निबर्तमान अध्यक्ष महेन्द्र खड्काको संयोजकत्वमा एक कार्यदल गठन गर्ने, संस्थाको नाम संशोधन सम्बन्धमा संस्थाको ऐतिहासिक अस्तित्व कायमै रहने गरी म्याग्देलीहरूको अन्तर्राष्ट्रिय सञ्जाल मोनासंग एकरूपता गर्ने, आगामी दुई वर्षे कार्यकालका लागि स्पष्ट भावी कार्ययोजनासहित संस्थालाई नयाँ ढंगले अगाडि बढाउने, जापानमा छरिएर रहेका म्याग्देलीहरूलाई गोलबन्द गर्दै जिल्लाका भैपरि आउने कार्यहरूमा संभावित सहयोग जुटाउन क्रियाशील रहने र जापानमा रहेका सबै संघसंस्थाहरूसंग पारस्परिक सम्बन्ध र सहकार्य बिस्तार गर्दै नेपाली समुदायको हितमा क्रियाशील रहने रहेका छन् ।

सञ्जालका अध्यक्ष महेन्द्र खड्काको सभपतित्वमा भएको पाँचौ अधिवेशन समारोहको प्रमुख अतिथि म्याग्देलीहरूको अन्तर्राष्ट्रिय सञ्जाल मोनाका केन्द्रिय अध्यक्ष योगेन्द्रबहादुर क्षेत्री र वरिष्ठ उपाध्यक्ष बिनोद कुँवरले पानसमा दीप प्रज्वलन गरी संयुक्तरूपमा उद्घाटन गर्नुभएको थियो । प्रमुख अतिथिको आसनबाट बोल्दै मोना अध्यक्ष क्षेत्रीले बिश्वभर छरिएर रहेका म्याग्देलीहरूलाई गोलबन्द गर्दै म्याग्दी जिल्लाको बिकासमा सहभागी गराउन मोना लागिपरेको बताउनुभयो ।

यसैगरी बिशेष अतिथि मोनाका वरिष्ठ उपाध्यक्ष बिनोद कुँवरले नेपालकै पहिलो निःशुल्क वाईफाई जिल्ला बनाउने अभियानमा बिश्वभर रहेका म्याग्देलीहरु जुर्मुराईरहेको बताउनुभयो ।

## ネパール語と日本語を学びましょう - 128
## (नेपाली र जापानी भाषा सिकौं)

| 日本語の文章 (जापानी शब्द) | 日本語の発音 (जापानी उच्चारण) | ネパール語の発音 (नेपाली उच्चारण) | |
|---|---|---|---|
| 公園 | कोउएन | बगैंचा/पार्क | バガイチャ/パルク |
| 桜 | साकुरा | साकुरा/पैयुं | サクラ/パイユン |
| 山桜 | यामाज़ाकुरा | हिमाली साकुरा | ヒマリ・サクラ |
| 花見 | हानामी | फूल हेर्ने | フール・ヘルネ |
| 夜桜 | योजाकुरा | रातीको साकुरा | ラティコ・サクラ |
| 開花 | खाइखा | फक्रन सुरु | ファクラナ・スル |
| 満開 | मान्खाई | सबै फक्रेको | サバイ・ファクレコ |
| 楽しむ | तानोसिमु | रमाइलो गर्नु | ラマイロ・ガルネ |
| 歌う | उताउ | गित गाउनु | ギート・ガウヌ |
| 踊る | ओदोरु | नाच्नु | ナチュヌ |
| お酒を飲む | ओसाके ओ नोमु | रक्सि पिउनु | ラクシ・ピウヌ |
| 花見弁当 | हानामी बेन्तो | फूल हेर्दै खाने खाना | フール・ヘルダイ・カネ・カナ |
| ライトアップ | राइतोअप्पु | बत्ति बाल्नु | バッティ・バルヌ |
| 落ち花 | ओचिबाना | खसेको फूल | カセコ・フール |

## असार २४ कटे ...

**ज्योतिषको दृष्टिमा नयाँ वर्ष २०७३ साल कस्तो हुनेछ, मुलुकका लागि ?**

७३ सालमा शुक्र र बुधको संयोगका कारण कूटनीतिक पक्ष राम्रो हुने देखिन्छ । यस्तो बेला राष्ट्रले उन्नती गर्ने, बौद्धिक जमातहरूको प्रभाव बढ्ने, महत्वपूर्ण परियोजनाहरु सुरू हुने जस्ता संकेत देखिन्छन् । यो बेला शुक्र राजा र बुध मन्त्री भएर बसेको छ । बुध र शुक्रको सम्बन्ध भनेको मित्रवत हो । यसको अर्थ नेपाल राष्ट्रको सम्बन्ध सबै संग सुमधुर हुने देखिन्छ । शत्रु राष्ट्रहरूले पनि धेरै दुःख नदिने, मित्र राष्ट्रहरूसँगको सम्बन्ध नयाँ उचाईमा पुग्छ । राम्रो गर्नुपर्छ भन्ने समूहहरु एक से एक निस्किन्छन् ७३ सालमा । परम्परागत जड विचार बोकेको समूहसँग परिवर्तनकारी बौद्धिक जमातको बलियो द्वन्द्व हुनेछ । जसको प्रतिफल राम्रो हुनेछ । हानीरहित द्वन्द्व हुनेछ ।

**नेपालमा सरकार गठन हुन नपाई ढाल्ने योजना बुन्न थालिन्छ, ओली सरकार ७३ सालमा ढल्छ कि ढल्दैन ?**

वैशाख १८ देखि असार २४ सम्म केपी ओली सरकार ढाल्न दिनहुँ षडयन्त्र हुनेछ । यदि केपी ओलीले यो समय कटाउनुभयो भने उहाँको सरकार सितिमिति वर्षैभरी ढल्दैन । यसको ज्योतिषीय कारण के हो भने शुक्र राजा हो । शुक्र राजा भएका कारण यो ग्रहको अवस्थितिले सरकारको अवस्था जनाउँछ । शुक्र बैशाख १८ मा अस्ताउँछ र असार २४-२५ मा उदाउँछ । त्यो बेला सरकारका लागि संकटकाल हो । कात्तिक मंसिरमा शुक्र फेरि पनि अस्ताउँछ । खड्ग त त्यहाँ पनि छ । तर सारमा सरकारविरूद्धको षडयन्त्र वैशाखदेखि सुरू हुन्छ ।  स्थिर सरकार गाह्रै देखिन्छ ।

**शत्रु राष्ट्रहरूले कति दुःख दिन्छन् मुलुकलाई ?**

अब शत्रुराष्ट्र त नेपालका छैनन् । तर ज्योतिषमा चाहिँ हुन्छन् । नेपाललाई दुःख दिने राष्ट्रहरु मित्र राष्ट्र त भएनन् होला । यसो भएको हुँदा शत्रु राष्ट्रले नेपालको प्रगति देख्न चाहँदैनन् । तर उनीहरूले धेरै बिगार्न पनि सक्दैनन् । किनभने ७३ सालमा मुलुकको ग्रह, नक्षेत्र नै बलिया छन् । शुक्र ग्रह अस्त भएको बेला शत्रु राष्ट्रहरूले नेपालभित्र टाउको उठाउन खोज्छन् । यस्तो बेला कार्यकारी प्रमुखको क्षमताको कुरा पनि आउँछ । यस्तो बेला बैरीहरूले आफु अनुकुलको काम नेपालमा गराउन खोज्छन् । नेपालमा अशान्ति मच्चाउन चाहन्छन् । त्यस्ता बैरीहरु बैशाखदेखि असारसम्म र कात्तिक मंसिरमा क्रियाशील हुनेछन् ।

**नेपाल राष्ट्र र केपी ओलीको ग्रह नक्षत्रले कस्तो संकेत गर्छ ?**

नेपालको राशी बृश्चिक हो । केपी शर्मा ओलीको मकर हो । वृश्चिकको स्वामी शनि र मकरको स्वामी मंगल हो । यी दुवै राशीबीच सकारात्मक मित्रवत् सम्बन्ध हुन्छ । तर परिणाम सकारात्मक र नकारात्मक दुवै आउँछ । केपी ओली एक दृष्टिबाट नेपालका सफल प्रधानमन्त्री बन्नेछन् । अर्को दृष्टिबाट उनी आलोचनाको शिकार हुनेछन् । यस्तो देखिँदै पनि गएको छ । राष्ट्रियताको पक्षमा केपी ओली सफल र जनताको जनजीवीकाको सवालमा उनी असफल जस्तो देखिनु यसैको परिणाम हो । केपी ओलीको नाम खबाट सुरू हुन्छ । खबाट नाम सुरू हुने मानिसहरु सफल र भाग्यशाली हुन्छन् । उहाँको भाग्यले त साथ दिएकै छ । यहि कारण उहाँ प्रधानमन्त्री बन्नुभयो । तर सफल हुनका लागि उहाँले कुरा मात्रै गर्नुहुन्छ कि काम पनि गरेर देखाउनुहुन्छ ? हेर्न बाँकी छ ।

**प्राकृतिक दुर्घटनाको दृष्टिले नेपाल ऐतिहासिक रूपमै अभागी सावित भयो, ७३ सालमा प्राकृतिक प्रकोपको सम्भावना के छ ?**

हेर्नुस्, शुक्र र बुधको संयोगका कारण ७३ साल नेपाल राष्ट्रका लागि शुभ मांगलिक नै छ । यो वर्ष अनिष्ट हुने फल छैन । बाढी, पहिरो, अनिकाल आदिको सम्भावना कम छ । शुक्र र बुधको प्रभावका कारण राजनीति पनि राम्रो हुने र मधेसी दलहरूको पनि चित्त बुझ्नुपर्ने हो ।

**व्यापार र कृषिको अवस्था कस्तो हुनेछ ?**

व्यापार, उद्योगमा भन्दा कृषिमा राम्रो हुनेछ । तर व्यापार उद्योगमा पनि नराम्रो भने हुनेछैन । किनभने बुध आफैमा मन्त्री भएको हुनाले ७३ सालमा नेपालको व्यापार, उद्योग, कृषिको क्षेत्रमा राम्रो हुनुपर्छ ।

## पाक्षिक गतिविधि

### चैत ११
• चीन भ्रमणमा रहेका प्रधानमन्त्री केपी ओलीद्वारा बोआओ फोरमलाई सम्बोधन ।

### चैत १२
दुवै मृगौला खराब भएर मृत्युसँग लड्दै आइरहेकी म्याग्दीकी दलिमा भलन्जा छन्त्यालद्वारा जापानमा जीवनका लागि सार्वजनिक याचना ।

### चैत १३
प्रधानमन्त्री केपी ओलीद्वारा चीनका सिचुवान प्रान्तस्थित छेन्दु सहरमा रहेको भूकम्प स्मारक र संग्रहालयको अवलोकन ।

### चैत १४
प्रधानमन्त्री केपी शर्मा ओली साताव्यापी चीन भ्रमण सकेर स्वदेश फिर्ता ।

### चैत १५
नेपाल र जापान बीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६० बर्ष पूरा ।

### चैत १६
भूकम्पपछिको पुनर्निर्माणले गति नलिएकोमा प्रधानमन्त्री केपी ओली चिन्तित, दैनिक प्रगति विववरण सार्वजनिक गर्न कर्मचारीहरूलाई निर्देशन ।

### चैत १७
जापानी नागरिकको कीर्तिमान तोड्न विश्वको सर्वोच्च शिखर सगरमाथा पुनः आरोहण गर्ने म्याग्दीका ८५ वर्षीय मीनबहादुर शेरचनको तयारी ।

### चैत १८
सन् २०२० सम्ममा जापान आउने पर्यटकको संख्या र उनीहरूले गर्ने खर्च दोब्बर पुऱ्याउने महत्वाकांक्षी योजना प्रधानमन्त्री शिञ्जो आबेद्वारा सार्वजनिक ।

### चैत १९
युरोपेली संघ र भारतको संयुक्त विज्ञप्तिमा नेपालको संबिधानबारे उल्लेख हुने सर्वथा अनुचित रहेको मन्त्रिपरिषदको ठहर ।

### चैत २०
नेता उपेन्द्र यादवलाई सुर्खेतमा युवा संघका कार्यकर्ताद्वारा कालो झण्डा प्रर्दशन।

### चैत २१
जापानमा एकै दिन ९ लाख १० हजार जनालाई नयाँ रोजगारी प्राप्त ।

### चैत २२
नेपालमा प्रतिदिन सरदर ४० वटा परकम्प जाने गरेको राष्ट्रिय भूकम्प मापन केन्द्रद्वारा जानकारी ।

### चैत २३
भारत र युरोपेली संघद्वारा जारी विज्ञप्तिका सम्बन्धमा परराष्ट्रद्वारा सोधपुछ ।

### चैत २४
नेपाली काँग्रेसको संसदीय दलको नेतामा शेरबहादुर देउवा विजयी ।

### चैत २५
नेपाल विद्युत प्राधिकरणद्वारा लोडसेडिङमा कटौती, अब दैनिक ९ घण्टा ।

## माईनम्बर कार्डमा ...

माईनम्बर कार्डको ब्यवस्थापनमा प्राबिधिक जिम्मा लिएको निकायले सो जानकारी गराएको र समस्या आएका माईनम्बर कार्डको सट्टामा कार्डहरु बनाएर पठाउने गरिएकोले केही ढिला भईरहेको पनि समाचारमा उल्लेख छ ।

सञ्चार मन्त्रालयका अनुसार समस्या आएका कार्डको संख्या एकिन नभएको तर योकोहामा लगायतका जनसंख्या बढी भएका स्थानीय निकायहरूमा यो समस्या देखिएको बताईएको छ । कार्डको गोप्य कोड नं राख्नको लागि सर्भरमा एकै पटक भार परेकोले बिभिन्न समस्या देखा परेको अधिकारीहरूले बताएका छन् । यस किसिमको समस्याका कारण आईसी चिप्सले काम नगर्दा कार्ड नै नयाँ जारी गर्नुपरेको छ । अप्रिल ३ तारिख सम्ममा ९६ लाख १० हजार जनाले माईनम्बर कार्डको लागि आवेदन दिएकोमा २३ लाख ५० हजार जति मात्र जारी गरिएको समाचारमा उल्लेख छ ।

त्यसो त माईनम्बर कार्डको प्रणाली नै स्थगित गर्नका लागि त्यसको बिरूद्धमा रिट दायर गर्ने काम पनि भईरहेको छ । रिट दायर गर्नेहरूले जनताको ब्यक्तिगत जानकारीको गोपनियतामा समस्या आउने बताउँदै आएका छन् ।

## अन्तर्राष्ट्रिय बाल फुटवल प्रतियोगितामा नेपाल तेस्रो

# नेपाली टिमद्वारा उत्कृष्ट खेल प्रदर्शन

❑ नेस संवाददाता

टोकियो - हालै जापानमा भएको अन्तर्राष्ट्रिय बाल फुटवल प्रतियोगितामा नेपालले तेस्रो स्थान हासिल गरेको छ । नेपाली टिमले उत्कृष्ट खेल प्रदर्शन गर्दै तेस्रो स्थान हासिल गरेको हो । नेपालले पहिलो पटक भाग लिएको सो प्रतियोगितामा जापानका बिभिन्न फुटबल क्लवका २२ टिम र बिदेशबाट ६ गरी जम्मा २८ टिमले भाग लिएका थिए ।

विदेशी ६ टिममा नेपालले तेश्रो स्थान हासिल गरेको हो भने समग्र खेलमा १७ औ स्थान हासिल गरेको छ । प्रतियोगितामा नेपाली खेलाडीहरूको प्रर्दशनलाई सबैले खुलेर प्रसंशा गरेका थिए ।

नेपाली टिमले जापानका विभिन्न क्लव तथा विदेशी टोलीलाई लगातार पराजित गरेको थियो । अप्रिल १ तारिखमा भएको पहिलो प्रतिस्पर्धामा नेपालले आयोजक एएफसी तोरेरोसलाई ० का बिरूद्ध २ गोलले पराजित गरेको थियो भने बाँकी दुई खेलमा पराजय भोगेको थियो । विजयी खेलमा अनमोलसिंह थापा र रोशन थापाले गोल गरेका थिए ।

बाँकी खेल मध्ये बान्फारे कोफु यामानासी क्लवसंगको खेलमा मिड फिल्डर अनमोल सिंह थापा र फरवार्ड कुशल परियारले गोल गरेपनि विपक्षीको तीन गोलले पराजित भएका थिए । यस्तै अर्को खेलमा प्रमिश गुरूङले नेपालका लागि पहिलो गोल गरे पनि फुकुसीमा फुटवल क्लवसंग दुई गोलको अन्तरले पराजित भएका थिए ।

यस्तै दोश्रो दिनको खेलमा नेपाली टिमले आईची फुटवल क्लवसंग एक गोलले पराजित भए पनि ताकानो क्लवलाई दुई गोल र तोरेरस क्लवलाई तीन गोलले हराउन सफल भएका थिए । ताकानो क्लवलाई पराजित गर्नेक्रममा नेपालका मनोज नेपालीले दुवै गोल एक्लैले गरेका थिए भने तोरेरससंगको विजयी खेलमा मिडफिल्डर अनमोल सिंह थापाले दुई तथा मनोज जलारीले एक गोल गरेका थिए ।

अप्रिल ३ अन्तिम दिनको खेलमा ईवाराकी कासिमा क्लवलाई ३ का बिरूद्ध ४ गोल अन्तरले पराजित गर्न सफल भएका थिए ।

नेपाली खेलाडीहरूले अन्तिम खेलमा पनि मिच्सुविसी योवा च्योफु जुनियरलाई १ का बिरूद्ध २ गोल गरेका थिए । जसमा पहिलो खेलमा अनमोलसिंह थापा, मनोज जलारी, मनोज नेपाली र बिशाल थापा मगरले विजय गोल गरे भने अन्तिम खेलमा अनमोल सिंह र मनोज नेपालीले स्कोर थपे ।

सिजुओका केनको गोतेम्बामा भएको प्रतिस्पर्धामा उत्कृष्ट टिम साईतामाको रेजिष्टा फुटवल क्लव भएको थियो भने बुडी सकर क्लव दोश्रो तथा हेरूता वेरलिन जर्मनी तेश्रो भएका थिए ।

नेपाली जुनियर टिमका खेलाडीहरूमा प्रसन्न श्रेष्ठ, प्रकाश नेपाली, निराजन थापा क्षेत्री, बिशाल थापा मगर, मनोज नेपाली, मनोज जलारी, अनमोलसिंह थापा, साकार थापा, कुशल परियार, रोशन थापा, अविरल थापा, प्रमिश गुरूङ, अस्मित गोर्खाली र समिप गौचन रहेका थिए । प्रत्येक टिमबाट एक जनालाई उत्कृष्ट खेलाडी घोषणा गरिएको थियो । नेपाली टिमबाट अनमोलसिंह थापाले उत्कृष्ट खेलाडीको उपाधि पाएका थिए । टिमको प्रशिक्षकमा बसन्त गौचन र शम्भु केसी रहेका थिए ।

जापानमा भएको उक्त अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा नेपाली टिमलाई सहभागिता गराउन जापानमा एक समिति नै गठन गरी बिगत ६ महिनादेखि क्रियाशील रहँदै आएको थियो । समितिको संयोजकमा शरदकुमार गौचन, उपसंयोजकमा प्रकाश तुलाचन र सदस्यहरूमा तिलक मल्ल, बसन्त गौचन र बुद्धि गौचन रहेका थिए । खेलाडीहरु सोमबारै स्वदेश प्रस्थान गरिसकेका छन् ।

## विश्व क्रिकेट लिगका लागि खेलाडीको घोषणा

### कप्तानको जिम्मेवारी पारसलाई

❑ नेस संवाददाता

काठमाडौं - विश्व क्रिकेट लिग च्याम्पियनसिपअन्तर्गत तेस्रो चरणको नामिबियाविरूद्धको खेलका लागि नेपाली क्रिकेट टोलीको आज घोषणा भएको छ ।

आगामी वैशाख ४ र ६ गते हुने उक्त प्रतियोगिताका लागि १८ सदस्यीय खेलाडीको छनोट भएको राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव केशवकुमार विष्टका प्रेस सल्लाकार रोहित दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार १४ खेलाडीसहित चारजना वैकल्पिकमा परेका छन् । प्रतियोगितामा कप्तानको जिम्मेवारी भने पारस खड्काले पाएका छन् । त्यस्तै उपकप्तान ज्ञानेन्द्र मल्ल छन् । त्यसैगरी अन्य खेलाडीमा सागर पुन, नरेश बुढाऐर, शरद भेषवाकर, विनोद भण्डारी, राजु रिजाल, सन्दिप लामिछाने, सुशन भारी, वसन्त रेग्मी, शक्ति गौचन, सोमपाल कामी, करण केसी र राजेश पुलामी छन् । त्यसैगरी वैकल्पिकमा विक्रम सोब, दीपेन्द्रसिंह ऐरी, प्रेम तामाङ र अनिल मण्डल छन् । राष्ट्रिय खेलकुद परिषद्सँगको समन्वयमा अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) का प्रतिनिधि बन्दिला वार्नापुरा, प्रशिक्षक जगत टमाटा र नेपाली टोलीका कप्तान पारस खड्काको टोलीले उक्त खेलाडीको अन्तिम घोषणा गरेको हो ।

बन्द प्रशिक्षणको दोस्रो चरणमा २५ खेलाडी सहभागी थिए । नेपाल र नामिवियाबीचको उक्त खेल कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुनेछ ।

**नयाँ खुल्न लागेको कम्पनीको लागि**
**50 जना कामदारको आवश्यकता**

तरकारी, सलाद, फलफूल, बेन्तोउ, रामेन लगायत
खाद्यपदार्थ उत्पादन कम्पनीहरुमा काम उपलव्ध छ ।

**खानागावा केन**
(सागामिहारा, हासीमोतो, हाचिओउजि, एविना माचिदा वरपर)

| दिवा सिफ्ट | घण्टाको 1000 येन |
|---|---|

**चिवा केन**
(फुनावासी, माकुहारी वरपर)

| दिवा सिफ्ट | घण्टाको 900 येन |
|---|---|

正社員(通訳・翻訳)も募集しています。

- ✔ धेरै जना नेपालीहरुले काम गर्दै हुनुहुन्छ ।
- ✔ हप्ताको २-३ दिनको काम पनि OK !
- ✔ स्टुडेन्ड, डिपेन्डेन्ट भिषा भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।
- ✔ एइज्यु, तेइज्यु भिषा भएकाले हप्तामा 5-6 दिन काम गर्न सक्नेछन् ।
- ✔ ठाउँ र अवस्था अनुसार यातायात खर्च उपलव्ध गराइनेछ ।
- ✔ कम्पनीसम्म बसको पनि व्यवस्था छ ।

**आइचि केन**
(नागोया वरपर)

| रात्री सिफ्ट | घण्टाको 1125 येन | दिवा सिफ्ट | घण्टाको 900 येन |
|---|---|---|---|

**टोकियो तथा साइतामा**
(ताचिखावा, खावागोए वरपर)

| रात्री सिफ्ट | घण्टाको 1100 येन | दिवा सिफ्ट | घण्टाको 900 येन |
|---|---|---|---|

**सर्बप्रथम फोन गर्नुहोस्**

जापानी भाषा नजान्नेका लागि नेपाली कर्मचारीहरुद्वारा सहयोग गर्ने व्यवस्था गरिएको छ ।

K LINE K·LINE GROUP
Homepage: www.k–linegroup.co.jp

सम्पर्क
निराजन : 080-5433-9651 रमिला : 070-2189-4244
शाह : 080-5872-6983 (Viber & Line also Avilable)
日本語の場合は佐藤まで 080-5872-6984
K-line Primeira

# बिदेशमा झन बढ्दो छ

# लोकसुसेलीको महत्व

गायक सूर्य खड्का

## गीत-संगीतप्रेमी दर्शक-स्रोता हाम्रा भगवान्

जापानको नेपाली समुदायमा सूर्य खड्का नौलो नाम होइन । उसो त उनी नेपालमै पनि चिनिन्छन् र स्टेज कार्यक्रमहरूका लागि जापान बाहिरबाट पनि बोलाईन थालेका छन् । लठ्ठ पार्ने सुमधुर स्वरका धनि, मुस्कानले भरिएको चकलेटी अनुहार भएका खड्का एक चल्तीका गायक हुन् ।

दोहोरीमा चोटिला र गहकिला शब्दवाण प्रहार गर्न उनी निकै माहिर मानिन्छन् । औंलामा गन्न सकिने राम्रा दोहोरी गायक मध्यका एक हुन खड्का जापानमा । उसो त दोहोरी गायककारूपमा मात्र सीमित गर्नु उनलाई अन्याय हुन्छ किन कि उनी कुशल बाद्यबादक पनि हुन् । त्यसैले त जापानमा हुने सानाठूला साँगीतिक कार्यक्रमहरूमा उनको उपस्थिति अनिवार्य जस्तै भईसकेका छ । भ्याएसम्म उनी पनि सबै ठाउँमा पुग्ने गरेका छन् ।

बागलुङ जिल्लाको धम्जा माझकटेराका खड्का पनि औसत नेपाली युवाहरूझैं बैदेशिक रोजगारीका सिलसिलामा आजभन्दा ८ वर्ष अघि जापानतिर हानिएका हुन् । प्लस टु सकाएर औपचारिक शिक्षालाई बिट् मारेका खड्का सानैदेखि रहरले मादल बजाउने, गीत गाउने गर्दथे ।

गीतसंगीतको भूत चढ्दै गएपछि आफुमा यस क्षेत्रमा केही गर्न सक्ने खुबी छ भन्ने भेउ पाएर अर्थात बुझेर यो क्षेत्रमा लागेको भने २०६० सालमा एसएलसी पास गरेपछि मात्र हो । कलेज पढ्न बागलुङबाट चितवन झरेपछि पढाईसँगै गीत संगीतमा उनले सक्रियता बढाएका हुन् ।

आफ्ना बाबाआमा र दिदीहरूको प्रेरणाबाट साँगीतिक क्षेत्रमा होमिएका खड्का तत्कालिन अग्रज कलाकार र भाइसाथीहरूबाट थप प्रेरणा मिलेपछि अझ हौसिएको उनी बताउँछन् । चितवन बसेर कलेजको पढाईसंगै करिव ४ बर्ष उनले रोयल दोहोरी साँझ नारायणघाटमा गाए । सो क्रममा उनी कहिले पोखरा कहिले काठमाडौं पुगेर पनि दोहोरी गाउने गर्दथे ।

गायक खड्काको बुझाईमा सुख, दुःख, हाँसो, आँशु सबैको साथी हो लोकदोहोरी । गायन यात्रालाई अगाडि बढाउने क्रममा अहिलेसम्म उनले १५ वटा गीतमा स्वर भरिसकेका छन् भने त्यसमा आफ्नै सिर्जनाका ७ वटा जति छन । ती मध्य कतिपय बजारमा आईसकेका छन् भने धेरै गीत आउन बाँकी छन् । सूर्य खड्काको 'मुटु छोएर त हेर' – गायिका टिका पुनसंग, 'परदेशिने मन', 'फेरी भेट होला नहोला' – शान्ती सुनारसंग, 'आज तिम्ले जवाफ दिनुपर्छ' – जुना श्रीषसंग, पञ्चे बाजा कालिका रोकासंग, 'यस्तै छ कहानी परदेशीको', 'यो जुनीमा माया त' – सुनिता परियारसंग, 'मर्नै मन लाउनी' – देवी घर्तीसंग, 'दिन कटाउनै गाह्रो भो आमा', 'आकाशैमा तारा' – सम्झना भण्डारीसंग, कौडा र रोईला, दशैं, 'रोए धुरू धुरू' – तीज गीत देबी घर्तीसंग, 'सोच्देउ भगवान'– मुना थापासंग लगायतका गीतहरूमा उनले स्वर दिईसकेका छन् ।

बिदेशमा गायन क्यारियरलाई जोगाउन निकै गाह्रो हुने गायक खड्काको बुझाई छ । कतिपय कलाकारहरु आफ्नो नाम नेपालमै स्थापित भईसकेपछि आउने भएकोले उहाँहरूलाई त्यति गाह्रो नहोला तर नेपालमा छँदा त्यति चर्चामा आईनसकेको हुँदा आफुलाई जापान आएर चिनिनका लागि धेरै संघर्ष गर्नुपरेको गायक खड्काको अनुभव छ ।

गायक खड्का भन्छन् – 'लाइभ दोहोरी गाउन साँच्चिकै गाह्रो कुरो हो, किनभने समय, परिस्थिति र माहौल हेरेर ठाउँको ठाउँ तत्काल सवाल जबाफ गर्नुपर्ने भएकोले अरू बिधाका गीत गाउन भन्दा लाइभ दोहोरी गाउन अति कठिन छ ।'

'मलाई चिनाउने खास गीत अझै बजारमा आईसकेका छैनन् तर आउने क्रममा छन् । यद्यपि भर्खरै बजारमा 'आएको परदेशीने मन' र 'फेरि भेट होला नहोला' भन्ने गीतले मलाई थप चिनाउने अपेक्षा गरेको छु – उनले भने ।

हालैमात्र नेपाल गएर दुई महिना लामो बिदा मनाएर जापान फर्केका खड्का देश भित्र र बाहिर अनपेक्षितरूपमा दोहोरीको क्रेज बढिरहेको बताउँछन् । 'देशबिदेश जहाँ जाउँ, दोहोरी र लोकभाका मन पराउनेहरूको कुनै कमी छैन । हाम्रो लागि यो खुशीको कुरो हो ।' – खड्काले थपे ।

उनीसंग तीतो अनुभव पनि नभएका होईनन् । उनी भन्छन् – 'कला र गला भएर पनि चिनिनका लागि भनसुन गर्नुपर्ने रहेछ, तर यता जापानमा आएपछि भने त्यस्तो अनुभव गर्नुपरेको छैन । दिनभरी कामले थाकेर लखतरान परेको भए पनि कैयौ रातहरु दोहोरी गाएर बिताउने गरेका छौं । जापानमा सबैको माया पाएको छु र त अगाडि बढ्न ऊर्जा मिलेको छ । जापानका नेपालीहरूले लोकभाका र दोहोरीगीतलाई असाध्यै मन पराउनुभएको पाएको छु । जापानमा अहिले करिव ६० हजार नेपालीहरु हुनुहुन्छ, जसमा झण्डै ८५ प्रतिशत नेपालीहरु लोकदोहोरीका पारखी हुनुहुन्छ जस्तो लाग्छ ।'

भावी योजना बारे गायक खड्का भन्छन् – 'जुन ठाउँमा पुगे पनि जस्तोसुकै कठिन परिस्थितिमा पनि अब म गीत संगीत छोड्न सक्दिन । अहिले बिदेशबाटै यसलाई निरन्तरता दिईरहेको छु, भविष्यमा नेपालमै गएर संगीतमै लाग्ने चाहना छ ।'

नेपाल तथा जापान लगायत बिश्वभर छरिएर रहनुभएका गीतसंगीतप्रेमी दर्शक–स्रोता नै हामी कलाकारका लागि भगवान हो । जुन ठाउँमा रहे पनि नेपाल देश र हाम्रो नेपाली लोक संगीतलाई माया गरिदिनुहोला । राम्रो नराम्रो गीत चिनेर सुनिदिनु होला भन्ने अनुरोध गर्न चाहान्छु । म पनि गीत संगीतको क्षेत्रमा भर्खर सिक्दै गरेको गायक हुँ, हजुरहरूको सुझाव, सल्लाह र मायाको सँधै अपेक्षा गरेको छु ।